# कलेक्टिभ मार्कको दर्ता सम्बन्धी निर्देशिका

## २०६७

## (स्वीकृत मिति २०६७।१।२७)


नेपाल सरकार

उद्योग मन्त्रालय

**उद्योग विभाग**

त्रिपुरेश्वर, काठमाडौं

फोन नं. ९७७-१-४२६११०१, ४२६१२०३

[redacted] ४२६११६८, ४२६११६९

फ्याक्स: ९७७-१-४२६१११२

# कलेक्टिभ मार्कको दर्ता सम्बन्धी निर्देशिका, २०६७

स्वीकृत मितिः २०६७।१।२७

## पृष्ठभूमि

पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा कलेक्टिभ मार्कको दर्ता सम्वन्धी स्पस्ट उल्लेख नभएतापनि ट्रेडमार्क अन्तर्गत नै कलेक्टिभ मार्क समेत पर्ने भएको एवं नेपाल समेत पक्षराष्ट्र रहेको औद्योगिक सम्पत्ति संरक्षण सम्वन्धी पेरिस महासन्धिमा समेत कलेक्टिभ मार्कको दर्ता सम्वन्धी व्यवस्था गरिएकोले सो महासन्धिमा उल्लेख भएका व्यवस्थाहरु क्रमशः कानून वनाई लागू गर्दै जानुपर्ने दायित्व समेत रहेको र कलेक्टिभ मार्कको दर्ता गर्ने व्यवस्थाका सम्वन्धमा उद्यमीहरुको माग एवं चाहना समेतको परिपुर्ति गरी तत्काल सेवा प्रदान गर्न आवश्यक पर्न गएको सन्दर्भमा कलेक्टिभ मार्कको दर्ता सम्वन्धी प्रक्रियागत व्यवस्था नहुंदा यस्ता चिन्ह दर्ता गर्न गराउन कठिनाई भएको र यसवाट नेपाली उत्पादनलाई आफ्नो मौलिक गुण, विशेषता एवं पहिचान सहित संस्थागत रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजारमा प्रवर्द्धन गर्न एवं यस्ता चिन्हहरुको संरक्षण गर्न समस्या परेकोले सो को समाधानका लागि कलेक्टिभ मार्कको दर्ता सम्वन्धी तत्काल प्रक्रियागत व्यवस्था गरी कार्यान्वयन गर्न आवश्यक देखिएको परिप्रेक्षमा देहाय अनुसारको निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईएको छ ।

**१. निर्देशिकाको नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम कलेक्टिभ मार्क दर्ता सम्वन्धी निर्देशिका, २०६७ रहेको छ ।

(२) यो निर्देशिका २०६७।१।२७ देखि लागु हुनेछ ।

**२. कलेक्टिभ मार्क सम्वन्धी नयां व्यवस्था :**

(१) प्रचलित कानून वमोजिम स्थापना, गठन वा दर्ता भएको संघ, संगठन वा सहकारी संघले त्यस्तो संघ, संगठन वा सहकारी संघसंग आवद्ध सदस्यले मात्र प्रयोग गर्न पाउने गरी दर्ता गराउन चाहेको मार्कलाई कलेक्टिभ मार्कको रुपमा दर्ता गर्ने व्यवस्था मिलाईएको छ ।

(२) प्रचलित कानून वमोजिम स्थापना भएको सरकारी वा अर्धसरकारी निकाय (संस्थान, वोर्ड, समिति वा अन्य निकाय) ले कुनै खास किसिमको वस्तु वा सेवा उत्पादकहरुको समुहको प्रतिनिधित्व गर्ने रहेछ भने त्यस्तो निकायले पनि आफ्ना सदस्य वा प्रयोगकर्ताले प्रयोग गर्न पाउने गरी उपदफा (१) वमोजिमका संघ, संगठन वा सहकारी संघ सरह कलेक्टिभ मार्क दर्ता गराउन सक्नेछन् ।

**३. कलेक्टिभ मार्क दर्ताको निमित्त उद्योग विभागमा दरखास्त दिनुपर्ने :**

(१) प्रचलित कानून वमोजिम स्थापना, गठन वा दर्ता भएको कुनै समूहको प्रतिनिधित्व गर्ने निकाय, संघ, संगठन वा सहकारी संघले कलेक्टिभ मार्क दर्ताका लागि आफुले दर्ता गर्न चाहेको कलेक्टिभ मार्कको ४ प्रति नमूना सहित अनूसूची–१ वमोजिमको ढाँचामा विभागमा आवेदन दिनु पर्छ ।

(२) उपदफा (१) अनुसारका निकाय, संघ, संगठन वा सहकारी संघका नाउमा दर्ता भएको कलेक्टिभ मार्क सो निकाय, संघ, संगठन वा सहकारी संघका सदस्यहरुले त्यस्तो निकाय, संघ, संगठन वा सहकारी संघसंग भएको सम्झौताका आधारमा चलाउन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम कलेक्टिभ मार्क दर्ताको लागि विभागमा आवेदन गर्दा आवेदनमा कलेक्टिभ मार्क भनी प्रष्ट उल्लेख गरिएको हुनु पर्नेछ र अन्य ट्रेडमार्क दर्ता गर्दा पेश गर्नु पर्ने कागजातका अतिरिक्त संघ, संगठन वा सहकारी संघको विधान, सदस्यहरुको विवरण र चिन्हको प्रयोग सम्वन्धी नियम वा कार्यविधिको लिखत पनि दरखास्त साथ संलग्न राखी पेश गर्नु पर्नेछ । सरकारी वा अर्धसरकारी निकायले भने चिन्हको प्रयोग सम्वन्धी नियम वा कार्यविधिको लिखत मात्र पेश गरे पुग्छ ।

(४) उपदफा (३) बमोजिमको नियम वा कार्यविधिमा देहायका कुराहरु समावेश हुनुपर्नेछ :

(क) वस्तु तथा सेवाको उत्पादन प्रक्रिया र गुणस्तर सम्वन्धी मापदण्ड ।

(ग) वस्तु तथा सेवा उत्पादकले पालना गर्नुपर्ने आचरण सम्वन्धी कुराहरु ।

(घ) चिन्ह धनि र सदस्य (चिन्ह प्रयोगकर्ता) वीच कलेक्टिभ मार्क प्रयोगका सम्वन्धमा हुने सम्झौता र दुवै पक्षले पालना गर्नुपर्ने शर्तहरु

(ङ) निर्धारित मापदण्ड, आचरण र शर्तहरु पालना भए नभएको अनुगमन गरी पालना गराउने र पालना नभएमा वा चिन्हको दुरुपयोग भएमा गरिने कारवाही सम्वन्धी व्यवस्था र संयन्त्र

(५) उपदफा (३) बमोजिम पेश भएको नियम वा कार्यविधिको लिखत र कलेक्टिभ मार्क दर्ता गराउने सम्वन्धमा भएको निर्णय सम्वन्धित संघ, संगठन वा सहकारी संघको हकमा त्यस्तो संघ, संगठन वा सहकारी संघको साधारणसभा वा भेलाबाट र

सरकारी वा अर्धसरकारी निकायको हकमा सो निकायको अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने छ ।

(६) विभागले आवेदकले पेश गरेको आवेदन र अन्य कागजातको अध्ययन गरी अन्य ट्रेडमार्क सरहको प्रक्रिया समेत पूरा गरी आवश्यक देखेमा कलेक्टिभ मार्क दर्ता गरी अनूसूची–२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

**४. दर्ता भएको कलेक्टिभ मार्क बदर गर्न सकिने :**

सम्बन्धित निकाय, संघ, संगठन वा सहकारीको कुनै एक वा केही सदस्यले अन्य सदस्यलाई विमुख गरी एक्लैले मात्र त्यस्तो चिन्ह प्रयोग गरेको वा दफा ३(३) अनुसारको लिखत विपरित हुने गरी प्रयोग गरेको वा सम्बन्धित वस्तु वा सेवाको उत्पत्ति वा सामूहिक विशेषता सम्बन्धमा उद्योग व्यापारको क्षेत्रमा वा सर्वसाधारण जनतामा भ्रम सिर्जना हुने गरी वा सार्वजनिक सरोकारको विपरित हुने गरी कलेक्टिभ मार्क प्रयोग गरेको कुरा प्रमाणित हुन आएमा विभागले त्यस्तो मार्कको दर्ता बदर गरिदिनेछ ।

**५. कलेक्टिभ मार्क चलाउन नहुने :**

(१) विभागमा दर्ता नगराई वा कसैका नाउँमा दर्ता भैरहेको कलेक्टिभ मार्क सो कलेक्टिभ मार्कको धनीको लिखित मञ्जुरी नलिई कसैले आफ्नो उपयोगमा ल्याउन वा सर्वसाधारण जनतालाई झुक्याउन सकिने किसिमबाट त्यसको नक्कल गरी कलेक्टिभ मार्क चलाउन हुँदैन ।

(२) कुनै निकाय, संघ, संगठन वा सहकारी संघको सदस्य नभएको व्यक्तिले सो निकाय, संघ, संगठन वा सहकारी संघको नाउमा दर्ता भएको कलेक्टिभ मार्क चलाउन हुँदैन ।

(३) कुनै निकाय, संघ, संगठन वा सहकारी संघको सदस्यले सो निकाय, संघ, संगठन वा सहकारी संघको नाउमा दर्ता भएको कलेक्टिभ मार्क चलाउंदा सो मार्क चलाउने सम्वन्धमा त्यस्तो निकाय, संघ, संगठन वा सहकारी संघसँग भएको सम्झौतामा उल्लेख भएका कुराहरुको विपरित हुनेगरी सो कलेक्टिभ मार्क चलाउन हुँदैन ।

## ६. विविध :

कलेक्टिभ मार्क प्रयोग गर्ने म्याद, कलेक्टिभ मार्कको अवधि, गैरकानुनी रुपमा कलेक्टिभ मार्क प्रयोग गरेमा हुने सजाय, कलेक्टिभ मार्क नविकरण गराउने कार्यविधि, दस्तुर लगायत अन्य कुराहरु पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा उल्लेख भए सरह हुनेछ ।

## ७. वाझिएमा गर्ने :

यस निर्देशिकामा उल्लेखित व्यवस्था पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा उल्लेखित व्यवस्थासंग वाझिएमा ऐनमा उल्लेखित व्यवस्था लागु हुनेछ ।

## ८. वाधा अड्काउ फुकाउने अधिकार :

यो निर्देशिका कार्यान्वयन गर्दा कुनै वाधा अडकाउ पर्न आएमा वा यो निर्देशिकामा उल्लेख नभएको विषयका सम्वन्धमा कुनै व्यवस्था गर्न परेमा उद्योग मन्त्रालयको स्वीकृतिमा उद्योग विभागले निर्णय गरे वमोजिम हुनेछ ।

## अनुसूची- १

### कलेक्टिभ मार्क दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा

श्री.................................

.................................

मैले/हामीले यसैसाथ संलग्न नमूनाको कलेक्टिभ मार्क ...................... मा लगाउने भएकोले सो को चार प्रति र दरखास्त दस्तुर संलग्न राखी कलेक्टिभ मार्क दर्ताको लागि दरखास्त दिएको छु/ दिएका छौं । मेरो/हाम्रो नाममा कलेक्टिभ मार्क दर्ता गरी सो को प्रमाणपत्र दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

साक्षी :– १......................

२......................

दरखास्तवालाको सही....................

ठेगाना :–

मिति :–

# अनुसूची- २

## कलेक्टिभ मार्क दर्ताको प्रमाणपत्रको ढाँचा

नेपाल सरकार
.............मन्त्रालय
.............विभाग

प्रमाण पत्र सङ्ख्या :- मिति :

### कलेक्टिभ मार्क दर्ता प्रमाणपत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ङ बमोजिम......................ले............मा लगाउने भएको कलेक्टिभ मार्क दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

..............................
महानिर्देशक

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |

अनुसूची- ३

## कलेक्टिभ मार्क नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा

श्री.................................

.................................

मैले/हामीले मिति.............................मा दर्ता गरी.........................मा लगाई राखेको कलेक्टिभ मार्कको दर्ता अवधि समाप्त भएकोले नवीकरण बापत लाग्ने दस्तुर संलग्न छ। नवीकरण गरी दिनु हुन अनुरोध गर्दछु/गर्दछौं।

दरखास्तवालाको सही..............

ठेगाना :–